निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाले गाउँपालिकाको सभालाइ व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम बिधायन समिति गठन गर्न सक्ने प्रावधान रहे बमोजिम तिनाउ गाउँपालिकाको बिधायन समिति देहायबमोजिम हुने गरि कायम तथा स्विकृत गरि अनुमोदनका लागि सुशासन तथा संस्थागत विकास समितिका संयोजक मार्फत सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**<u>देहायः</u>**

श्री राम बहादुर पल्ली- संयोजक
श्री चुन्न बिष्ट – सदस्य
श्री दुर्गा सुनारी – सदस्य
कानुन/प्रशासन शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं.३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिद्धबाबा मन्दिर विकास समितिको च.नं. १७२,मिति २०८३।०३।०५ को पत्रानुसार गाउँसभाबाट मनोनित पदाधिकारी श्री सन्तोष शेरचनले राजीनामा दिनुभएकोले उक्त स्थानका लागि मनोनित गरि पठाइदिनु हुन अनुरोध गरे बमोजिम तिनाउ-२ निवासी श्री पूर्ण प्रसाद श्रेष्ठलाइ मनोनित गरि स्विकृतिका लागि सभा सदस्य श्री चित्र बहादुर थापा मार्फत सभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा चालू आर्थिक बर्ष २०८२।०८३ मा विभिन्न स्रोतहरुबाट खर्च व्यहोर्ने गरि विनियोजन गरिएका योजना तथा कार्यक्रमहरु सम्पन्न भई भुक्तानीको लागि प्रतिक्षामा रहेका तर खर्च व्यहोर्ने स्रोतहरु मध्ये बुटवल उपमहानगरपालिका र नेपाली खानेपानी संस्थानबाट अनुमान गरिएको राजश्व बापतको आय प्राप्त हुन नसकेकोले हालको लागि देहायबमोजिम (तालिका नं १) हुने गरि स्रोत मिलान तथा कायम गरि भुक्तानी गर्नको लागि विनियोजन विधेयक,२०८२ लाई दोस्रो संशोधन गर्ने बनेको बिधेयक,२०८३ स्विकृत गरि अनुमोदनका लागि बजेट तर्जुमा तथा कार्यक्रम समितिका संयोजक मार्फत सभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं ५ : प्रस्ताव नं ५ माथि छलफल सुशासन तथा संस्थागत विकास समितिको संयोजक श्री इन्द्र कुमारी चिदी द्धारा पेश गरिएको सम्मान सम्बन्धी प्रस्ताव स्विकृत गर्दै समितिका संयोजक मार्फत अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो।

गाउँपालिकामा कार्यरत कर्मचारीहरु तर्फ जनही रु दश हजार रुपैयाँ (कर सहित ) र प्रमाणपत्र

१. श्री भवि थापा, कार्यालय सहयोगी
२. श्री दिलमाया थापा, कार्यालय सहायक
३. श्री सन्तोष सिग्देल, सहायक पशु विकास प्राविधिक
४. श्री सुनिल के.सी., सहायक लेखा अधिकृत
५. श्री ई. हरी प्रसाद पराजुली, प्राविधिक अधिकृत

त्यसै गरि,विषयगत उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षकहरु,कक्षा ८, SEE र कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु तर्फ जनही रु दश हजार रुपैयाँ (कर सहित ) र प्रमाणपत्र

१. श्री झविन्द्र ज्ञवाली
२. श्री चन्द्र वहादुर पौडेल
३. श्री रिया भण्डारी
४. श्री हिमाल सावत
५. श्री रोजित के.सी.
६. श्री देवि सिंजापती
७. श्री दिपशिखा थापा
८. श्री शारदा सुनार
९. श्री निसा रास्कोटी
१०. श्री दिपक आचार्य
११. श्री सविता गाहा
१२. श्री मुना पुवार

त्यसैगरी,खेल र खेलकुदको क्षेत्रमा लागेर आफू, आफ्नो विद्यालय र पालिकाको नाम उत्कृष्ट राख्ने शिक्षक तथा विद्यार्थीहरु, जनही रु दश हजार रुपैयाँ (कर सहित ) र प्रमाणपत्र

१. श्री सन्तोष सेरचन
२. श्री भिम रास्कोटी
३. श्री इमान सिं थापा
४. श्री सोनीया नेपाली

५. श्री सारसी गाहा

६. श्री सन्तोष जैसी

७. श्री रक्षा गिरी

८. श्री पुष्कर के सी

९. श्री झरना बाकावल

१०.श्री सविना राना

त्यसैगरि, उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय तर्फ जनही रु एक लाख रुपैयाँ (कर सहित ) र प्रमाणपत्र

श्री तिलोत्तमा माध्यमिक विद्यालय

त्यसैगरी कृषि कर्ममा लागेर कृषि क्षेत्रलाई ब्यावसायिक बनाउदै युवालाई कृषि र पशुपालनको क्षेत्रमा आकर्षण गर्न अभिप्रेरित गर्नेहरु कृषकहरु, जनही रु दश हजार रुपैयाँ (कर सहित ) र प्रमाणपत्र

१. श्री टेक बहादुर रास्कोटी

२. श्री कृष्ण बहादुर तुलाचन

३. श्री नैना क्षेत्री

४. श्री दान वहादुर गाहा

५. श्री चन्द्रा कुमारी आले

६. श्री टेम बहादुर वगाले

७. श्री मिना खराल

८. श्री विर वहादुर रुचाल

निर्णय नं ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको देहायका विधेयक सर्वसम्मत रुपमा स्विकृत गर्दै अनुमोदनका लागि तपशिलका पदाधिकारीहरु मार्फत गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**देहायः**

| सि.नं. | विधेयक | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | दलित सशक्तीकरण सम्बन्धी बिधेयक,२०८३ | संयोजक ,सामाजिक विकास समिति | |
| २ | तिनाउ गाउँपालिकाको वन विधेयक,२०८३ | संयोजक ,वन वातावरण तथा विपद व्यवस्थापन समिति | |
| ३ | तिनाउ गाउँपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी बिधेयक,२०८३ | संयोजक ,पूर्वाधार विकास समिति | |

निर्णय नं ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

क. तिनाउ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन तयार गर्न तिनाउ गाउँपालिका गाउँकार्यपालिकाबाट पूर्वस्विकृति लिई लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा नियमावली,२०८१ को नियम १३ बमोजिम गठित संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिले ऐ.ऐ. नियमावलीको नियम १४ बमोजिम तिनाउ गाउँपालिकाको सांगठनिक ढाँचा तथा दरबन्दी प्रस्ताव सम्बन्धी प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गरेकोमा सो प्रतिवेदनलाई स्विकृति प्रदान गर्ने ।

ख. तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम,विपद व्यवस्थापन ,आर्थिक सहायता लगायतका कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा लेखांकन गरिएका खर्चहरु तथा वितरण गरिएका जिन्सी मालसामानहरु सम्पूर्णको सर्वसम्मत अनुमोदन गर्ने ।